केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/घ/०४/०८१/८२

मितिः २०८१/०९/२३

**"घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ।

## यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन/थप

| क्र.सं | व्यवस्था नं. | विधमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | निर्देशन नं. ४/०७९ मा बुँदा नं. १ (ग) मा संशोधन । | बैंकको निर्देशनमा तोकिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु नेपाल लेखा मापदण्ड (NAS) अनुसार तयार गर्नु पर्नेछ। नेपाल लेखा मापदण्डले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्ड (IAS/IFRSs) लाई आधारको रुपमा लिनु पर्नेछ। थोक कर्जा कारोबार गर्ने, सर्वसाधारणबाट निक्षेप संकलन गर्ने तथा राष्ट्रियस्तरका लघुवित्त वित्तीय संस्थाहरुले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेछ । | **लघुवित्त वित्तीय संस्थाहरुले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेछ। नेपाल वित्तीय प्रतिवेदनमानले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRSs) लाई आधारको रुपमा लिनुपर्नेछ ।** |
| २. | निर्देशन नं ६/०७९ को बुँदा नं.३ (८) मा संशोधन । | संस्थाको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघरका परिवार सो संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा बाहेक अन्य कुनै तहको पदमा नियुक्त हुन योग्य हुने छैन ।<br><br>राष्ट्रियस्तरको "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघर परिवारका सदस्य सो संस्थाको कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारीमा नियुक्ति/पुनर्नियुक्ति हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन । | **संस्थाको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघरका परिवारका सदस्य सो संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा बाहेक अन्य कुनै पनि तहको कर्मचारीमा नियुक्ति/पुनर्नियुक्ति हुन योग्य हुने छैन। साथै, चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघर परिवारका सदस्य सो संस्थाको कार्यकारी प्रमुखको पदमा समेत नियुक्ति/पुनर्नियुक्ति हुन योग्य हुने छैन ।**<br><br>यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन । |
| ३. | निर्देशन नं ८/०७९ को बुँदा नं.२ मा संशोधन । | लघुवित्त वित्तीय संस्थाले संगठित संस्थाको शेयर, डिबेञ्चर तथा सामूहिक लगानी कोषमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानी गर्न पाइने छैन। हाल कायम रहेका यस्ता लगानीहरु २०७९ साल असार मसान्तभित्रमा विनिवेष गरिसक्नु पर्नेछ । | लघुवित्त वित्तीय संस्थाहरुले संगठित संस्थाको शेयर, डिबेञ्चर तथा सामूहिक लगानी कोषमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानी गर्न पाइने छैन ।<br><br>**तर, नेपाल राष्ट्र बैंकको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग पुग्ने उद्देश्यले राष्ट्र बैंकको लगानी समेतमा स्थापित नेशनल बैंकिङ्ग इन्सटिच्युट, नेपाल क्लियरिङ्ग हाउस लि., कर्जा सूचना केन्द्र लि. लगायतका संस्थाहरुमा र नेपाल फिनसफ्ट कम्पनी लि. मा लगानी गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।** |

## यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ मा संशोधन/परिमार्जन/थप

| | | | |
|---|---|---|---|
| | | | **माथि उल्लिखित संगठित संस्थाबाहेकका संस्थाहरुको शेयर, डिबेञ्चर तथा सामूहिक लगानी कोषमा गरिएको लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाउनु पर्नेछ ।** |
| ४. | निर्देशन नं ८/०७९ को बुँदा नं.४ हटाई क्र.सं मिलान । | लघुवित्त वित्तीय संस्थाले यसपुर्व धितोपत्र विनिमय बजारमा सूचीकृत भइनसकेको कुनै संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा उक्त शेयर तथा डिबेञ्चरमा लगानी भए बराबरको रकम लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त शेयर तथा डिबेञ्चर सूचीकृत वा विनिवेष नभएसम्म अन्य प्रयोजनमा उपयोग गर्न पाइने छैन । | **हटाइएको ।** |
| ५. | निर्देशन नं ८/०७९ को बुँदा नं.५ हटाई क्र.सं मिलान । | माथि जुनसुकै कुरा उल्लेख भएतापनि Nepal Finsoft Company Ltd. र नेपाल राष्ट्र बैंकको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग पुग्ने उद्देश्यले राष्ट्र बैंकको लगानी समेतमा स्थापित नेशनल बैंकिङ्ग इन्सटिच्युट, नेपाल क्लियरिङ्ग हाउस लि., कर्जा सूचना केन्द्र लि. लगायतका संस्थाहरुमा गरिएको शेयर लगानी विनिवेश गर्न तथा यसरी गरिएको लगानीका सम्बन्धमा लगानी समायोजन कोष खडा गर्न आवश्यक हुनेछैन । | **हटाइएको ।** |
| ६. | निर्देशन नं १७ /०७९ को बुँदा नं.४ ङ(५) मा संशोधन । | थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाले खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्न सक्नेछन् । | थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था र खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोबार सञ्चालन गरेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाले खुद्रा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्न सक्नेछन् । **तर, थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाले गाभ्ने/गाभिने तथा प्राप्तिपूर्व प्रवाह गरेको कर्जाको हकमा साविक बमोजिमको भुक्तानी तालिका अनुसार कर्जा असुल गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।** |